Dist. Admin. Off. Regd. No.-152/051/052

# Stock Brokers' Association of Nepal
## (SBAN)
Estd. 2051 B.S. / 1995 A.D.

**President**
Santosh Mainali
Tel.- 01-4262861

**Immediate Past President**
Bharat Ranabhat
Tel.- 01-4442869

**Vice President**
Dharma Raj Sapkota
Tel.- 01-4168291

**General Secretary**
G.N. Bhusal
Tel.- 01-5706297

**Treasurer**
Bhaktiram Ghimire
Tel.- 01-4231004

**Secretary**
Raman Dev Pant
Tel.- 01-4419572

**Executive Members:**
Ravindra Pd. Nuchhe Pradhan
Tel.- 01-4532700

Fadindra Dhakal
Tel.- 01-4212215

Mitralal Shrestha
Tel.- 01-4413392

Suyog Adhikari
Tel.- 01-4223914

Madan Paudyal
Tel.- 01-4440385

**Advisor:**
Ishwari Prasad Rimal
Nanda Kishore Mundara
Narendra Raj Sijapati
Priya Raj Regmi

पत्र संख्या: चलानी नं: २०७८/०७९/३८

मितिः २०७९/०१/१२

श्रीमान महानिर्देशकज्यू

नेपाल उद्योग बाणिज्य महासंघ

टेकु , काठमाण्डौं

विषय : अन्तरक्रिया कार्यक्रममा यस संघको तर्फबाट पेश गरिएका सुझाव वा जिज्ञासा सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा मिति २०७९/०१/१३ गते महासंघद्वारा नेपाल सरकार, अर्थ मन्त्रालय अतर्गतको राज्स्व परामर्श समितिसँग आर्थिक बर्ष २०७९/८० को बजेटको सम्वन्धमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा यस संघका तर्फबाट निम्न सुझाव वा जिज्ञासाहरु रहेको व्यहोरा जानकारि गराउन चाहन्छु । साथै यस अन्तरक्रिया कार्यक्रममा यस संघका तर्फबाट संघका अध्यक्ष श्री सन्तोष मैनालीज्यूको उपस्तिथि रहने कुरा पनि जानकारि गराउन चाहन्छु ।

- बिदेशी मुद्राको संचिति वृद्धिमा सहयोग पुर्याउन रेमिट्यान्स पठाउने नेपालि नागरिकहरुले दोस्रो बजारमा रेमिट्यान्स रकम लगानि गरि आर्जन गरेको पुजिगत लाभमा केहि निश्चिति अवधिको लागि पुजिगत लाभकर पुर्णरुपमा मिनाहा गर्ने । त्यसैगरि एनआरएन (NRN) हरुको दोस्रो बजार प्रवेशलाई अझ सहज बनाउने तथा निश्चिति समय तोकि त्यस्तो लगानिबाट सृजित पुजिगत लाभमा कर सहुलियत प्रदान गर्ने । त्यसैगरि बिदेशि संस्थागत लगानिकर्ता (Foreign Institutional Investors) हरुलाई दोस्रो बजार लगानिमा बाटो खुल्ला गर्ने ।

- आयकर ऐन २०५८ को दफा ४७क को उपदफा १ मा **"बैकिङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा दफा ५७ को उपदफा (२) को खण्ड (क), (ख), (घ), (ङ), (च) र (छ) तथा सोही दफाको उपदफा (३) को व्यवस्था लागू हुने छैन ।"** उल्लेख भएको ।

Opp. Shankar Dev Campus, Putalisadak, Kathmandu, Tel.: 01-4168105, E-mail: sban.np@gmail.com

**President**
Santosh Mainali
Tel.- 01-4262861

**Immediate Past President**
Bharat Ranabhat
Tel.- 01-4442869

**Vice President**
Dharma Raj Sapkota
Tel.- 01-4168291

**General Secretary**
G.N. Bhusal
Tel.- 01-5706297

**Treasurer**
Bhaktiram Ghimire
Tel.- 01-4231004

**Secretary**
Raman Dev Pant
Tel.- 01-4419572

**Executive Members:**
Ravindra Pd. Nuchhe Pradhan
Tel.- 01-4532700

Fadindra Dhakal
Tel.- 01-4212215

Mitralal Shrestha
Tel.- 01-4413392

Suyog Adhikari
Tel.- 01-4223914

Madan Paudyal
Tel.- 01-4440385

**Advisor:**
Ishwari Prasad Rimal
Nanda Kishore Mundara
Narendra Raj Sijapati
Priya Raj Regmi

पत्र संख्याः चलानी नं :

सोहि दफा ४७क को उपदफा ४ मा **"उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरूले आफ्नो शेयर गाभिएको दुई वर्षभित्र आफ्नो शेयर बिक्रीको माध्यमबाट निःसर्ग गरेमा त्यसरी निःसर्ग भएको शेयरमा भएको लाभमा पुँजीगत लाभ कर लाग्ने छैन ।"** उल्लेख भएको ।

त्यसैगरि सोहि दफा ४७क को उपदफा ५ मा **"उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्षभित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरेको लाभांशमा कर लाग्ने छैन ।"** उल्लेख भएको ।

प्रस्तुत उपदफाहरु अनुसार मर्जर तथा एक्युजिसनपुर्व धारण गरिएका धितोपत्रहरु मर्जर तथा एक्युजिसनको अन्तिम स्वीकृति प्राप्त गरेको मितिबाट दुई वर्ष भित्र बिक्री गर्दा पुजिगत लाभकर नलाग्ने व्यस्था गरि नेप्सेमा कारोबार तथा राफसाफ हुँदै आइरहेको छ । त्यसैगरि मर्जर तथा एक्युजिसनको अन्तिम स्वीकृति प्राप्त गरेको दुई वर्षभित्र बितरण गरेको लाभांशमा समेत कर नलाग्ने व्यस्था हुँदै आइरहेकोछ । तर केहि समय यता महालेखा परिक्षकको कार्यालयले मर्जर तथा एक्युजिसनमा बिलय भएर जाने संस्थाको हकमा मात्र यि उपदफाहरु लागु हुने आसयले बिगत पाँच आर्थिक वर्षमा भएका यस्ता सम्पुर्ण कारोवारहरुमा भएको कर छुटको विवरण बिभिन्न निकायहरुसँग माग गरिरहेको हुँदा यसले आम लगानिकर्ताहरु, मर्जर तथा एक्युजिसन भएका संस्थाहरु तथा धितोपत्र कारोबार तथा राफसाफमा सम्लग्न संस्थाहरुमा ठुलो भय तथा अन्योलता उत्पन्न गरेकोछ । तसर्थ, प्रस्तुत उपदफाहरुको व्यवस्थाहरुलाई थप स्पष्ट पारि मर्जर तथा एक्युजिसन भएका सबै संस्थाहरुको हकमा लागुहुने कुरालाई स्पष्ट पार्नुपर्ने ।

- आयकर ऐन २०५८ को अनुसुचि १ को दफा २ को उपदफा २ मा **"कुनै आय वर्षमा कुनै बैङ्क, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूर सञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैकिङ्ग व्यवसाय, कमोडिटी फ्युचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय, चुरोट, बिँडी, सिगार, खानेसूर्ति, खैनी, घटठगुट्खा, पानमसला, मदिरा, बियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको कर योग्य आयमा तीस प्रतिशतका दरले कर लाग्नेछ ।"** उल्लेख भएको ।

यस उप दफामा उल्लेख भएका **पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैकिङ्ग व्यवसाय र धितोपत्र र कमोडिटी दलाल व्यवसाय** बिचको

**President**
Santosh Mainali
Tel.- 01-4262861

**Immediate Past President**
Bharat Ranabhat
Tel.- 01-4442869

**Vice President**
Dharma Raj Sapkota
Tel.- 01-4168291

**General Secretary**
G.N. Bhusal
Tel.- 01-5706297

**Treasurer**
Bhaktiram Ghimire
Tel.- 01-4231004

**Secretary**
Raman Dev Pant
Tel.- 01-4419572

**Executive Members:**
Ravindra Pd. Nuchhe Pradhan
Tel.- 01-4532700

Fadindra Dhakal
Tel.- 01-4212215

Mitralal Shrestha
Tel.- 01-4413392

Suyog Adhikari
Tel.- 01-4223914

Madan Paudyal
Tel.- 01-4440385

**Advisor:**
Ishwari Prasad Rimal
Nanda Kishore Mundara
Narendra Raj Sijapati
Priya Raj Regmi

पत्र संख्याः चलानी नं :

व्याख्या वा अन्तर स्पष्ट नभएको । साथै यसै उपदफाको आधारमा महालेखा परिक्षकको कार्यालयले धितोपत्रमा मात्र लगानि गर्ने उद्देश्यले स्थापित संस्थाहरुलाई यस उपदफा बमोजिमका संस्थाको रुपमा व्याख्या गरि निज संस्थाहरुले तिर्दै आएको २५ प्रतिशत करका ठाँउमा ३० प्रतिशतका दरले थप कर दायित्व सृजना गर्ने हल्ला सुन्नमा आएको छ । अरु कुनै मुख्य उद्देश भएका तर धितोपत्रको दोस्रो बजारमा पनि लगानि गर्ने संस्थाहरुको हकमा धितोपत्र लगानिबाट हुने पुजिगत लाभमा २५ प्रतिशत कर तिरे पुग्ने तर विशुद्द धितोपत्रमा लगानि गर्ने इन्भेस्टमेन्ट कम्पनी प्रकृतिका संस्थाहरुलाई ३० प्रतिशत करको भार थोपरिदा दोस्रो बजारको ठुलो कमिको रुपमा महसुस गरिएको संस्थागत लगानिकर्ताको आवस्यकता कहिले पनि पुरा गर्न सकिदैन । तसर्थ यस उपदफालाई अझ स्पष्ट पारि इन्भेस्टमेन्ट कम्पनी प्रकृतिका संस्थाहरुलाई प्रोत्साहन गर्न संस्थागत करको दर २० प्रतिशत कायम गरिनुपर्ने ।

- खरिदकर्ताले खरिद गरिएका धितोपत्र प्राप्त हुन नसक्दा क्षतिपुर्ति स्वरुप प्राप्त क्लोज आउट रकमलाई आकस्मिक लाभ मानि त्यस्तो क्षतिपुर्ति रकममा लगाइएको २५ प्रतिशत कर पुर्ण रुपमा खारेज गरिनुपर्ने ।

- निकट भविस्यमानै इन्ट्रा डे कारोवार (Intraday Trading) तथा फाइनान्सियल डेरिभेटिभ्सको कारोबार सन्चालनमा ल्याउने योजना रहेको हुँदा यसलाई प्रोत्साहन गरि लगानिकर्ताहरुको सहभागिता व्यापक बनाउन सुरुका केहि बर्ष यस्तो कारोबारमा हुने लाभमा लाग्ने पुजिगत लाभकरमा केहि सहुलियतको व्यवस्था गर्नुपर्ने ।

- पूँजीगत लाभकर तथा लाभासंमा लाग्ने कर अनिवार्य रुपमा लगानीकर्ताको प्यान नम्बर बाट जम्मा हुने व्यवस्था मिलाउने ।

- पूँजीगत लाभकर गणनाको लागी निर्धारण गरिने भारित औषत लागतलाई स्वचालित रुपमा गणना हुने व्यवस्था मिलाउने ।

- धितोपत्र दलाल व्यवसायमा रणनीतिक वैदेशिक लगानिका लागि कानुनि व्यवस्था मिलाउने ।

- धितोपत्र दलाल व्यवसायीले १५ प्रतिशत अग्रिम कर (TDS) बुझाउदै आईरहेको हुँदा हाल संस्थागत करको दर ३० प्रतिशत बाट घटाई २५ प्रतिशत कायम गर्ने ।

# Stock Brokers' Association of Nepal
## (SBAN)
### Estd. 2051 B.S. / 1995 A.D.


***President***
Santosh Mainali
Tel.- 01-4262861

***Immediate Past President***
Bharat Ranabhat
Tel.- 01-4442869

***Vice President***
Dharma Raj Sapkota
Tel.- 01-4168291

***General Secretary***
G.N. Bhusal
Tel.- 01-5706297

***Treasurer***
Bhaktiram Ghimire
Tel.- 01-4231004

***Secretary***
Raman Dev Pant
Tel.- 01-4419572

***Executive Members:***
Ravindra Pd. Nuchhe Pradhan
Tel.- 01-4532700

Fadindra Dhakal
Tel.- 01-4212215

Mitralal Shrestha
Tel.- 01-4413392

Suyog Adhikari
Tel.- 01-4223914

Madan Paudyal
Tel.- 01-4440385

***Advisor:***
Ishwari Prasad Rimal
Nanda Kishore Mundara
Narendra Raj Sijapati
Priya Raj Regmi


पत्र संख्या: चलानी नं :

- दुर्गम क्षेत्रमा धितोपत्र दलाल व्यावसायी मार्फत बजार पहुँच वृद्धि गर्न वित्तीय वा करका माध्यमबाट व्यावसायीलाई प्रोसाहन गर्ने नीति तर्जुमा गर्ने ।

- आयोजना प्रभावित क्षेत्रका लगानीकर्ता वाहेकका लागी सार्वजनिक निस्कासनमा प्यान अनिवार्य गरी करको दायरा बढाउने तथा असम्बन्धित व्याक्तिहरुको नामबाट गरिने आवेदनलाई निरुत्साहित गर्ने ।

- ऋणपत्र बजारको विकासको लागि ऋणपत्रबाट प्राप्त हुने ब्याज आम्दानीमा लाग्ने कर व्याक्तिगत तथा संस्थागत लगानीकर्ताहरुमा फरक रहेको कारण दोस्रा बजार कारोबारमा मुल्य निंधारणमा कठिनाई उत्पन्न भएकोले सो मा एकरुपता कायम गर्ने । ऋणपत्र लगानीबाट हुने पूँजीगत लाभमा लाग्ने करमा एक निश्चित अवधिको लागी प्रोत्साहन उपलब्ध गराउने ।

धन्यवाद

घनश्यामनिधि भुसाल

महासचिब

Opp. Shankar Dev Campus, Putalisadak, Kathmandu, Tel.: 01-4168105, E-mail: sban.np@gmail.com